प्रदेश सरकार

सुदूरपश्चिम प्रदेश

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

धनगढी, कैलाली ।

# आयोजना प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

(प्रकाशित मितिः २०७६।११।०६)

यस मन्त्रालयको आ.व. ०७६।०७७ को स्वीकृत कार्यक्रमअनुसार सहकारी संस्था र सहकारी संघसँगको साझेदारीमा देहायका कार्यक्रमहरु सञ्चालन गर्नका लागि बीउपुँजी वा पुँजीगत अनुदान प्रदान गरिने भएकाले त्यस्तो अनुदान प्राप्त गर्न चाहने सुदूरपश्चिम प्रदेश भित्रका कृषि सहकारी संस्था वा कृषिजन्य कार्य गर्ने अन्य सहकारीसंस्था र सहकारी संघहरूले **सहकारी संघ संस्थालाई अनुदान प्रदान गर्ने कार्यविधि, २०७६** को अधीनमा रही यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० (तिस) दिनभित्र यस मन्त्रालय वा सम्बन्धित जिल्लाको कृषि ज्ञान केन्द्र वासो को सम्पर्क कार्यालय वाभेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र वा सो को सम्पर्क कार्यालयमा देहायका कागजातहरु सहित आयोजना प्रस्ताव पेस गर्न कार्यविधिको दफा ६ बमोजिम यो सूचना प्रकाशन गरिएको छ ।

**१ कार्यक्रमहरु**

| क्र.सं | कार्यक्रमको नाम | संख्या | बजेट (रु लाखमा) | आवेदन दिन योग्य संस्थाहरु |
|---|---|---|---|---|
| १. | उत्पादन प्रशोधन तथा बजारीकरण कार्यमा संलग्न सहकारी संस्थालाई मागमा आधारीत पुँजिगत अनुदान | १०० वटा | ५०० | उत्पादन प्रशोधन तथा बजारीकरण कार्यमा संलग्न सहकारी संस्थाहरु |
| २. | सहकारी संघहरुलाइ लागत साझेदारीमा कार्यक्रम संचालन अनुदान | ९ वटा | ९० | उत्पादन प्रशोधन तथा बजारीकरण सम्बन्धि कार्यक्रम संचालन गर्न इच्छुक सहकारी संघहरु |
| ३. | स्वरोजगारमुलक श्रमिक सहकारी संस्थाका लागि र विपन्न समुदाय तथा महिलाका आयमुलक सहकारी आयोजनाका लागि बीउपुँजि अनुदान | ९ वटा | ६७.५ | आयमुलक आयोजना संचालन गर्न इच्छुक श्रमिक/विपन्न समुदाय/ महिला सहकारी संस्थाहरु |
| ४. | सहकारी संघ सुदृढिकरण कार्यक्रम (भवन निर्माण, फर्निचरतथा मेशिनरी) | ९ वटा | ४५ | सहकारी संघहरु |
| ५. | महिला द्वारा संचालित कृषि सहकारीलाई भवन निर्माणका लागि पुँजिगत अनुदान | १ पटक | १०० | महिला द्वारा संचालित कृषि सहकारीहरु |

**२ आवश्यक कागजातहरु**

(क) संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि र संस्थाको विनियमको प्रतिलिपि,

(ख) पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन र कर चुक्ताको प्रमाण पत्र,

(ग) आयोजनाको पूरा विवरण खुल्ने प्रस्ताव,

(घ) साधारण सभाबाट आयोजना प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयकोप्रतिलिपि,

(ङ) सञ्चालक समितिका पदाधिकारीको नाम, ठेगाना र सम्पर्क नम्बर खुलेको विवरण,

(च) आयोजना सञ्चालन गर्दा जग्गा प्राप्त गर्नुपर्ने भएमा जग्गा प्राप्तिको भरपर्दो अवस्था खुल्ने कागजात,

(छ) आयोजनाका लागि संस्थाको तर्फबाट परिचालन गरिने पूँजीको स्रोत खुलेको कागजात,

(ज) स्थानीय तहभित्र कार्यक्षेत्र भएका सहकारी संस्थाले सम्बन्धित स्थानीय तहबाट प्रमाणित गरिएको अनुसूची-२ बमोजिमको विवरण र आयोजनाको उपयुक्तता सम्बन्धमा स्थानीय तहको सिफारिस, र

(झ) अनुसुची-३ बमोजिमको आयोजना विवरण।

पुनश्चः दरखास्तको ढाँचा, आयोजना प्रस्तावको विवरण र अन्य विस्तृत जानकारी दरखास्त पेश गर्ने कार्यालयहरुबाट प्राप्त गर्न सकिनेछ तथा पेस हुन आएको आयोजना प्रस्तावको मूल्याङ्कन **सहकारी संस्थालाई अनुदान प्रदान गर्ने कार्यविधि, २०७६** मा तोकिएका आधारहरू बमोजिम गरिनेछ ।आवश्यक कागजात तथा रीत नपुगि आएका प्रस्तावहरु उपर कुनै कारवाहि गरिने छैन ।

थप जानकारी यस मन्त्रालयको web site:www.molmac.p7.gov.np बाट प्राप्त गर्न सकिनेछ साथै सम्पर्कका लागि मन्त्रालयको फोन नं.०९१.४१७३८४ मा सम्पर्क गर्न हुन ।